# स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशबाट हालसम्म सम्पादन भएका मुख्य-मुख्य कार्य, गरिएका पहल र हासिल भएका उपलब्धीहरू

## क) नीतिगत तथा कानूनी सुधार

१. गण्डकी प्रदेश स्वास्थ्य नीति, २०७८ स्वीकृत भई लागू भएको छ।

२. मन्त्रालयबाट समग्र स्वास्थ्य क्षेत्रको सुधारका ४० अल्पकालीन, ५० मध्यकालीन तथा १० दीर्घकालीन योजना तय गरी कार्यान्वयनमा लगिएको छ।

३. गण्डकी प्रदेशलाई पूर्ण खोपयुक्त प्रदेश घोषणा गरिएको छ। साथै, प्रदेश खोप कोष स्थापना गरी हालसम्म २ करोड ६५ लाख जम्मा गरिएको छ।

४. प्रदेश अस्पताल लमजुङलाई प्रदेश सरकार मातहात सञ्चालन ल्याई नौ जना विशेषज्ञ सहित ६९ दरबन्दी रहने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत गरिएको छ।

५. गण्डकी प्रदेश सरकार (मन्त्रिपरिषद्) को निर्णयबाट आँपपिपल अस्पताल, गोरखा र बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्र, बागलुङलाई ५० शैयामा स्तरोन्नति गरी प्रदेश मातहत सञ्चालनमा गर्ने निर्णय भएको छ। यसअनुसार बुर्तिबाङ अस्पतालको औपचारिक समुदघाटन समेत भइसकेको छ। दुवै अस्पताललाई ५० शैय्या सञ्चालन गर्न प्रति अस्पताल नौ जना विशेषज्ञ सहित ६९ दरबन्दी रहने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत भएको छ।

६. प्रदेश अस्पताल दमौली, स्याङ्जा, पर्वत, मुस्ताङ, मनाङ र मध्यविन्दु प्रादेशिक अस्पतालमा प्रति अस्पताल लेखा सहायक – १ र हलुका सवारी चालक – १ दरवन्दी गरी कुल जम्मा १२ दरवन्दीको व्यवस्था गरिएको छ।

७. गण्डकी आयुर्वेद औषधालय, कास्की र धौलागिरी आयुर्वेद औषधालय, बागलुङलाई २५ शैया अन्तरंग सेवा सहित स्तरोन्नति गरी गण्डकी आयुर्वेद अस्पताल र धौलागिरी आयुर्वेद अस्पताल कायम गरिएको छ। गण्डकी प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट उक्त अस्पतालहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत हुने चरणमा छ।

८. गण्डकी प्रदेश निजामती सेवा ऐन र नियमावलीलाई स्वास्थ्य क्षेत्र मैत्री हुने गरी संशोधन गर्नका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समक्ष सिफारिस गरिएको छ।

९. प्रदेश जनस्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा दर्ता गरिएको छ।

१०. क्यान्सर उपचार सहायता सम्बन्धी कार्यविधि, अन्तर अस्पताल विशेषज्ञ चिकित्सक परिचालन सम्बन्धी कार्यविधि, आयुर्वेद स्वास्थ्य संस्था व्यवस्थापन समिति गठन आदेश, आँपपिपल अस्पताल गठन आदेश र बुर्तिवाङ अस्पताल गठन आदेशको मस्यौदा उपर आर्थिक मामिला मन्त्रालयबाट सहमति प्राप्त भई मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा कानूनी रायको क्रममा रहेको छ। अस्पताल व्यवस्थापन समितिको आर्थिक व्यवस्थापन सम्बन्धी कार्यविधि र प्रदेश सरकार मातहतका अस्पतालहरुको स्तरोन्नति सम्बन्धि प्रतिवेदन सहितको प्रस्ताव गण्डकी प्रदेश सरकार (मन्त्रिपरिषद्) मा पेश गर्ने प्रयोजनार्थ सहमतिको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आर्थिक मामिला मन्त्रालयमा पेश गरिएको छ।

११. नेपाल सरकारबाट छात्रवृत्ती प्राप्त चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको पदस्थापना र सरुवा सम्बन्धी मापदण्ड, २०८१ तयार गरी लागू गरिएको छ।

१२. चिकित्सक एवं स्वास्थ्यकर्मी प्रोत्साहन सम्बन्धी कार्यविधि, प्रदेश जनस्वास्थ्य प्रयोगशाला संचालन सम्बन्धी कार्यविधि, महिनावारी स्वास्थ्य एवं न्याय सम्बन्धी कार्यक्रम व्यवस्थापन निर्देशिका, निजि स्वास्थ्य संस्थाको दर्ता, नविकरण र अनुगमन सम्बन्धि कार्यविधिको मस्यौदा तयार भएको छ र उक्त मस्यौदाहरु गण्डकी प्रदेश सरकार (मन्त्रिपरिषद्) मा पेश गर्ने प्रयोजनार्थ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आर्थिक मामिला मन्त्रालयमा मस्यौदा उपर सहमतिको लागि लेखि पठाइएको छ।

१३. प्रदेश मातहतका सबै अस्पतालको फार्मेसीहरुको सुदृढीकरणको लागि अस्पतालको परिसरमा अस्पतालको आफ्नै फार्मेसी मात्र सञ्चालन गर्ने निर्णय गरिएको छ।

१४. स्वास्थ्य मन्त्रालय मातहतका ४१ निकायहरूको नाम कार्य प्रकृतिको आधारमा सशोधन गरी एकरूपता कायम गरिएको छ।

## ख) सुशासन

१५. मन्त्रालय र मातहतका निकायहरुको त्रैमासिक रुपमा प्रगति तथा खर्च विवरण वेबसाइटमा राखी सार्वजनिकीकरण गर्नुका साथै मासिक प्रगति समीक्षा भर्चुअल विधिबाट सुरु गरिएको छ।

१६. प्रदेशभरको जनस्वास्थ्य सूचकहरुको जानकारी सहज रुपमा प्रदान गर्ने हेतुले प्रादेशिक स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको वेवसाइटमा HMIS Dashboard निर्माण गरिएको छ ।

१७. मन्त्रालयमा आन्तरिक नियन्त्रण समिति गठन गरी मातहतका विभिन्न निकायहरुबाट २०.८०% बेरुजु यस अवधिमा सम्परिक्षणको लागि पेश हुनुको साथै तदारुकताका साथ बेरुजु फछ्र्यौट गर्न निर्देशन दिइएको छ।

१८. चालु आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत बजेट तथा कार्यक्रम समयमै सम्पन्न गर्न मातहतका सबै निकायहरुको मासिक कार्ययोजना बनाई कार्यान्वयन गरिएको छ। साथै चालु आ.व. २०८१/०८२ को फाल्गुन मसान्तसम्म मन्त्रालयल एवं मातहतका निकायहरुमा समग्रमा ३५.१३ % वित्तीय प्रगति एवं ४७.५ % भौतिक प्रगति हासिल भएको छ।

## ग) सेवा प्रवाह तथा संस्थागत क्षमता विकास

१९. चालु आ.व. २०८१/०८२ को फागुन मसान्तसम्म जिल्लास्थित प्रदेश अस्पतालहरूबाट सेवा लिएका सेवाग्राहीको तथ्यांक देहाय अनुसार रहेको छ।

| क्र.सं. | सेवा प्रवाह गर्ने अस्पताल | जम्मा सेवाग्राहीको संख्या | | | |
|---|---|---|---|---|---|
| | | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ |
| १ | धौलागिरी प्रादिशक अस्पताल | ४४११९ | ६६९१६ | ८५२९१ | ११५७८६ |
| २ | प्रदेश अस्पताल दमौली | ३६०९२ | ६८५९४ | ७३२६३ | ९८३५६ |
| ३ | प्रदेश अस्पताल गोरखा | २९२०७ | ५१५८७ | ८२४८७ | ९५५७७ |
| ४ | प्रदेश अस्पताल लमजुङ | ४०२०३ | ६२५८८ | ७५६२२ | ९१०५४ |

| क्र. सं. | सेवा प्रवाह गर्ने अस्पताल | जम्मा सेवाग्राहीको संख्या | | | |
|---|---|---|---|---|---|
| | | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ |
| ५ | मध्यविन्दु प्रादेशिक अस्पताल | २२३६१ | ४९८३० | ९०७५६ | ८५९८७ |
| ६ | प्रदेश अस्पताल म्याग्दी | ३५१७४ | ४०११० | ५०२८१ | ८१५०२ |
| ७ | प्रदेश अस्पताल पर्वत | २२५६६ | ३९०२५ | ५२४६६ | ५८६२४ |
| ८ | मातृशिशु मितेरी प्रादेशिक अस्पताल | २२६६६ | ३५७५६ | ४६९१५ | ५०३५९ |
| ९ | प्रदेश अस्पताल स्याङ्जा | २२६८९ | ३४६७४ | ३९३५६ | ३६२७६ |
| १० | प्रदेश अस्पताल मुस्ताङ | ४१३७ | ५५२७ | ५८६२ | ५७९१ |
| ११ | प्रदेश अस्पताल मनाङ | ४८९७ | ५२५४ | ५२९१ | ४८९४ |
| जम्मा | | २८४१११ | ४५९८६१ | ६०७५९० | ७२४२०६ |

२०. मन्त्रालय र मातहतका अस्पतालहरूबाट दुर्गम ठाउँहरूमा नियमित रूपमा स्वास्थ्य शिविरहरू (जस्तै: आँखा रोग, महिलाको पाठेघर सम्बन्धी रोग, ज्येष्ठ नागरिक लक्षित नसर्ने रोग, आयुर्वेद स्वास्थ्य आदि) सञ्चालन गरी उक्त शिविरबाट निदान भएका विभिन्न रोगका विरामीहरूको थप उपचारका लागि सेवा उपलब्ध हुने सम्बन्धित अस्पतालहरूमा प्रेषण गरिएको छ ।

२१. मातृशिशु मितेरी अस्पतालमा नाक, कान, घाँटीको विशेषज्ञ सेवा सुरुवात गरिएको छ।

२२. प्रदेश सरकार मातहतका अस्पतालहरु (मनाङ अस्पताल बाहेक) मा आँखा, दाँत र फिजियोथेरापी सेवा विस्तार गरिएको छ।

२३. प्रदेश अस्पताल, मुस्ताङमा एम.डी.जि.पि. चिकित्सकको व्यवस्था गरी विगतमा प्रभावित भएको आकस्मिक प्रसुति तथा नवजात शिशु सेवालाई निरन्तरता दिइएको छ।

२४. प्रदेश अस्पताल, लमजुङमा सघन उपचार कक्ष (ICU) सेवा सञ्चालन गरिएको छ।

२५. क्षयरोगका बिरामीहरूको पहिचान गरी उपचारको दायरामा ल्याउन समुदाय स्तरमा Artificial Intelligence जडित एक्सरे प्रयोग गरी जोखिम समूहका १४,८९४ जनाको स्क्रिनिङ गरी २१४ जना नयाँ क्षयरोगका बिरामी पत्ता लगाइएको छ। सोही

अवधिमा थप १५ जना औषधी प्रतिरोधी क्षयरोगका बिरामी समेतको पहिचान गरिएको छ ।

| क्र. सं. | मिति | स्थान | एक्सरे गरीएको संख्या | पत्ता लागेका विरामी संख्या |
|---|---|---|---|---|
| १ | २०८१।०६।२ र ३ गते | देवचुली न पा, नवलपरासी ब सु पु | ११०९ | २६ जना |
| २ | २०८१।०७।११ र १२ | बारपाक सुलिकोट गा पा, गोरखा | ५४५ | १० जना |
| ३ | २०८१।०७।२६ र २७ | बन्दिपुर गा पा, तनहुँ | ४०३ | ५ जना |
| ४ | २०८१।०८।११ र १२ | गलकोट न पा, वाग्लुङ | ७०९ | १० जना |
| ५ | २०८१।०८।१३ र १४ | पो म न पा, २७ कास्की | ४८१ | ३ जना |
| ६ | २०८१।०८।१९ | भिरकोट नगरपालिका, स्याङ्जा | ४३४ | १३ जना |
| ७ | २०८१।०८।२० | वालिङ न पा, स्याङजा | ६६५ | ४ जना |
| ८ | २०८१।०८।२२ र २३ | हुप्सेकोट गा पा, नवलपरासी | ५१८ | १० जना |
| ९ | २०८१।०८।२६ र २८ | रुपा गा पा, कास्की | ४५४ | ४ जना |
| १० | २०८१।०९।५ र ६ | भिमसेनथापा गा पा, गोरखा | १०२६ | १८ जना |
| ११ | २०८१।०९।१२ र १३ | ढोरपाटन न पा, वाग्लुङ | ५०६ | १९ जना |
| १२ | २०८१।०९।२४ र २५ | पो म न पा ३२, कास्की | ६३५ | ९ जना |
| १३ | २०८१।०९।२६ र २७ | कारागार कार्यालय, कास्की | ७७४ | ६ जना |
| १४ | २०८१।०९।२८ | अर्जुनचौपारी गा पा ,स्याङजा | ५०२ | ६ जना |
| १५ | २०८१।०९।२९ | विरुवा गा पा, स्याङजा | २८५ | ३ जना |
| १६ | २०८१।१०।६ र ७ | पैयु गा पा, पर्वत | ९५६ | ७ जना |
| १७ | २०८१।१०।१२ | घिरीङ गा पा, तनहुँ | ३१२ | २ जना |
| १८ | २०८१।१०।१३ | ऋषिङ गा पा, तनहुँ | २८५ | २ जना |
| १९ | २०८१।१०।१७ | पो म न पा २८, कास्की | ११५ | ० |
| २० | २०८१।१०।१८ | पो म न पा १६, कास्की | ३४५ | २ जना |
| २१ | २०८१।१०।१९ | पो म न पा १९, कास्की | २९० | ३ जना |
| २२ | २०८१।१०।२३र २४ | बुलिङटार गा पा, नवलपरासी ब सु पु | ७८५ | १७ जना |
| २३ | २०८१।११।५ र ६ | गैडाकोट नगरपालिका ,नवलपरासी ब सु पु | ८३५ | ६ जना |
| २४ | २०८१।११।११ | दरेवचुली नगरपालिका, नवलपरासी ब सु पु | ४८७ | ४ जना |
| २५ | २०८१।११।१२ | मध्यविन्दु नगरपालिका, नवलपरासी ब सु पु | ४४७ | १७ जना |
| २६ | २०८१।११।१३ | कावासोती नगरपालिका, नवलपरासी ब सु पु | ३४४ | ५जना |
| २७ | २०८१।११।१९ र २० | मादी गाउपालिका, कास्की | ६४७ | ३ जना |

| क्र. सं. | मिति | स्थान | एक्सरे गरीएको संख्या | पत्ता लागेका विरामी संख्या |
|---|---|---|---|---|
| जम्मा | | | १४८९४ | २१४ |

२६. उच्च रक्तचाप, मधुमेह, क्यान्सर जस्ता विभिन्न नसर्ने रोगको समुदायस्तरमा परीक्षण गरी समयमै निदान गर्ने गरी स्क्रिनिङ कार्यक्रम संचालन गरिएको छ। पुतलिबजार नगरपालिका, स्याङ्जा, बेनी नगरपालिका, म्याग्दि, घिरिङ गाउँपालिका, तनहुँ, मध्यविन्दु नगरपालिका र नवलपरासी (व सु पू) हालसम्म २९५८ जना ४० वर्षमाथिमा नागरिकहरुको स्क्रिनिङ गरिएकोमा ६४% सहभागीमा रक्ततचाप सामान्य भन्दा बढी, ११% सहभागीमा रगतमा चिनीको मात्रा सामान्य भन्दा बढी, ४२.९% सहभागीमा मोटोपना (Obesity), १.४ % सहभागीमा क्रेटेनिन सामान्य भन्दा बढी, २७.७० % सहभागीमा SGOT सामान्य भन्दा बढी, २७ % सहभागीमा कोलेस्टेरोल सामान्य भन्दा बढी, ५२.२ % सहभागीमा ट्राइग्लिसेराइड सामान्य भन्दा बढी, ३.६० % सहभागीमा LDL सामान्य भन्दा बढी, १३.४० % सहभागीमा HDL सामान्य भन्दा कम, १.८० % सहभागीमा पिशाबमा प्रोटीन र ३.४० % सहभागीमा पिशाबमा ग्लुकोज देखिएको छ।

२७. क्यान्सर उपचार सहायता कार्यक्रम अन्तर्गत नेपाल सरकारबाट उपलब्ध हुने सहायता रकमका अलावा गण्डकी प्रदेश सरकारबाट थप रू. एक लाख रकम उपलब्ध गराउने गरी चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पताल, काठमाडौं, बि. पी. कोईराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर, चितवन, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, ललितपुर, भक्तपुर क्यान्सर अस्पताल, भक्तपुर र निजामती कर्मचारी अस्पताल, मीनभवन, काठमाडौंसँग सम्झौता गरी कार्यक्रमको विस्तार गरिएको छ। चालु आर्थिक वर्षको श्रावण देखि फाल्गुन मसान्तसम्म गण्डकी प्रदेशका जना ७३९ क्यान्सरका बिरामिहरूले रू. ३,१२,७५,९६४/- बराबरको उपचार सहायता प्राप्त गरेका छन्।

२८. स्वीकृत कार्यविधि बमोजिम रेडक्रससँगको समन्वयमा २०८१ फागुन मसान्तसम्म १७९०२ पिन्ट रगत तथा रगतजन्य सेवा बिरामीहरूलाई निःशुल्क उपलब्ध गराइएको छ ।

२९. प्रदेश सरकार मातहतका १२ अस्पतालमा सेवाग्राहीको चाप अनुसार जनशक्ति व्यवस्थापन र थप सेवा प्रवाह गर्न २६४ जना प्राविधिक जनशक्ति सेवा करारमा व्यवस्थापन गरिएको छ ।

३०. धौलागिरी आयुर्वेद अस्पताल, बागलुङ र गण्डकी आयुर्वेद अस्पताल, कास्कीमा अन्तरंग सेवा सञ्चालन गर्न तत्कालको लागि सेवा करारमा २० जना र प्रादेशिक निकाय तथा स्वास्थ्य कार्यालयहरुमा थप १५ जना प्राविधिक जनशक्तिको व्यवस्था गरिएको छ ।

३१. धौलागिरी आयुर्वेद अस्पताल, बागलुङ र गण्डकी आयुर्वेद अस्पताल, कास्कीमा अकुपञ्चर, क्षारसूत्र, मर्मचिकित्सा, अग्निकर्म सेवा प्रवाह गरिएको छ । प्रदेश आयुर्वेद चिकित्सालय, तनहुँमा क्षारसूत्र स्वयं निर्माण गरी सेवा प्रदान गरिएको छ । धौलागिरी आयुर्वेद अस्पताल, बागलुङमा १० जना, गण्डकी आयुर्वेद अस्पताल, कास्कीमा १४ जना र प्रदेश आयुर्वेद चिकित्सालय, तनहुँमा १४ जना बिरामीहरुले क्षारशूत्र सर्जरी गरिएको छ । यसैगरी धौलागिरी आयुर्वेद अस्पतालबाट २११४ जनाले अकुपञ्चर सेवा लिएका छन् ।

३२. कास्कीको भेडाबारी प्राथमिक स्वास्थ्य केन्द्र र तनहुँको पुरनडिही प्राथमिक स्वास्थ्य केन्द्रका साथै प्रदेश अस्पताल, गोरखा,मा एकीकृत रूपमा आयुर्वेद चिकित्सा सेवा समेत प्रवाह गरिएको छ ।

३३. प्रदेश अस्पताल, मनाङमा फार्मेसी सेवा सञ्चालनमा ल्याइनुका साथै प्रदेश मातहतका अस्पतालहरूको फार्मेसी सुदृढीकरणका लागि २१ जना फार्मेसी सहायक सेवा करारमा राखिएको छ ।

३४. गण्डकी प्रदेश भित्र सरकारी ९ वटा र निजी ६ वटा गरी जम्मा १५ वटा स्वास्थ्य संस्थाबाट ८१४ जना बिरामीहरूले डायलायसिस सेवा प्राप्त गरिरहेका छन् । यसैगरी प्रादेशिक जनरल तथा सरूवा रोग अस्पताल, कास्की स्थित २५ शैय्या क्षमतायुक्त

डायलाइसिस केन्द्रमा स्टाफ नर्सहरुको लागि ९० दिने हेमोडायलाइसिस तालिम सञ्चालन गर्ने तालिम साइटको रूपमा विकास गरी स्वीकृत गरिएको छ।

३५. प्रदेश अस्पताल बागलुङ, गोरखा, म्याग्दी, लमजुङ, नवलपुर र तनहुँ अस्पतालमा मनोसामाजिक विमर्शकर्ताको व्यवस्था गरी मनोसामाजिक विमर्श सेवा प्रदान गरिएको छ।

३६. प्रदेश अस्पताल मनाङ र मुस्ताङमा बिहान ७ बजेदेखि साँझ ७ बजेसम्म विस्तारित OPD सेवाको सुरुवात गरिनुका साथै म्याग्दी, पर्वत, लमजुङ, स्याङ्जा, तनहुँ र नवलपुर जिल्ला स्थित प्रदेश अस्पतालमा विस्तारित सेवाको कार्यक्रमलाई निरन्तरता दिनुको धौलागिरी प्रादेशिक अस्पताल, वागलुङ र प्रदेश अस्पताल, गोरखामा EHS (विस्तारित चिकित्सा सेवा) सञ्चालनमा ल्याइएको छ। प्रदेश सरकारले अस्पतालहरूमा जनशक्तिको थप व्यवस्था गरे सँगै सेवाग्राहीको संख्यामा उल्लेख्य वृद्धि भएको छ। साथै चालू आर्थिक वर्षको दोश्रो त्रैमासिक सम्ममा अस्पतालहरूबाट गत वर्षको सोहि अवधिको भन्दा थप ६४,८४३ जना बिरामीले सेवा लिएका छन्।

३७. अस्पतालहरूको सर्जरी सेवालाई थप विस्तार र व्यवस्थित गरिएको छ। हालसम्म प्रदेश अस्पताल, गोरखामा २८ जनाको र धौलागिरी प्रादेशिक अस्पताल, वागलुङमा १७ जना ल्याप्रोस्कोपिक सर्जरी (पित्त थैलीको पत्थरीको) भएको छ भने लमजुङ, तनहुँ, बागलुङ र नवलपुर जिल्ला स्थित प्रदेश अस्पतालमा गरी जम्मा ४२ जना आङ खसेका महिलाहरूको नि:शुल्क शल्यक्रिया गरिएको छ।

३८. प्रदेश जनस्वास्थ्य प्रयोगशालाको सेवालाई प्रदेशको रणनैतिक स्थानहरूमा विस्तार गर्न नक्साङ्कन (Laboratory Mapping) गरिएको छ।

३९. प्रदेश अस्पताल मनाङ, मुस्ताङ, पर्वत र मध्यविन्दु प्रादेशिक अस्पतालको निर्माणाधीन भवन चालु आर्थिक वर्षभित्रै सम्पन्न गरी सेवा प्रवाहमा प्रयोग गर्ने गरी निर्माण कार्यलाई तिव्रता दिन समन्वय गरिएको छ। मध्यविन्दु अस्पतालको भुईतल्ला र पहिलो तलाको निर्माण सम्पन्न भई फाल्गुन २८ गतेदखि नयाँ भवनबाट सेवा सञ्चालनमा ल्याइएको छ।

४०. प्रदेश अस्पताल, तनहुँ , प्रदेश आयुर्वेद चिकित्सालय, पर्वत, मातृशिशु मितेरी प्रादेशिक अस्पताल, कास्की र मध्यविन्दु प्रादेशिक अस्पताल, नवलपरासी (ब.सु.पू.) को लागि थप जग्गा प्राप्तिको प्रक्रिया अघि बढाइएको छ । यसैगरी प्रदेश अस्पताल तनहुँ, स्याङ्जा, लमजुङ र गण्डकी आयुर्वेद अस्पताल, कास्कीको नयाँ भवन निर्माणको लागि डिपिआरको कार्य भइरहेको छ।

४१. प्रदेश जनस्वास्थ्य प्रयोगशालाबाट नसर्ने रोगको परीक्षण विस्तार गरी Thyroid Function test, Vitamin D, Vitamin B12, Hormone Test, Testosterone लगायत ३०० भन्दा बढी प्रकारका परिक्षण हुने व्यवस्था मिलाइएको छ।

४२. शहिद, बेपत्ताका परिवार, विभिन्न जनआन्दोलन घाइते, ख वर्गका अपाङ्गता भएका व्यक्ति र नियमित डायलाईसिस सेवा लिने मृगौला पिडित परिवारका सदस्यहरुको नि:शुल्क स्वास्थ्य वीमा गरिएको छ।

## घ) आपूर्ति व्यवस्थापन

४३. गण्डकी प्रदेशका सबै स्वास्थ्य संस्थाहरूबाट नियमित खोप सेवा अटुट रुपमा संचालनका लागि आपूर्ति व्यवस्थापन भइरहेको छ।

४४. गण्डकी प्रदेशमा माघ २२ गते देखि फाल्गुन ६ गतेसम्म पाठेघरको मुखको क्यान्सर विरुद्धको एच पि भी खोप अभियान सफलतापूर्वक सम्पन्न गरिएको छ। गण्डकी प्रदेशको लक्षित १,०४,८१० किशोरीहरुमध्ये १,०१,६६५ (९७ प्रतिशत)ले खोप लिएका छन्।

४५. प्रादेशिक स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट नसर्ने र मानसिक रोगको २२ प्रकारका, नवजात शिशु एवं बाल रोगको ११ प्रकारका, आधारभूत र आकस्मिक उपचारका लागि ४५ प्रकारका, आयुर्वेदको २३ प्रकारका औषधीहरू खरिद सम्पन्न भई वितरण भइरहेको छ।

## ङ) मातृ, नवजात तथा शिशु स्वास्थ्य सेवा सुदृढीकरण

४६. गण्डकी प्रदेशका सबै स्थानीय तहबाट हेली उद्धार गर्न सकिने गरी "जोखिममा परेका गर्भवती र सुत्केरी महिलाको हवाई उद्धार कार्यविधि, २०८०" बमोजिम जटिलतामा

रहेका गर्भवती तथा सुत्केरी महिलाहरूको हेलिकप्टर मार्फत Air Lifting गर्ने कार्य निरन्तरता दिइएको छ र यस अवधिमा मन्त्रालयको समन्वयमा संघीय सरकारबाट थप २ जना समेत गरी जम्मा ६७ जनाको हेली उद्धार गरिएको छ।

४७. सम्पूर्ण गर्भवती महिलाहरूलाई स्वास्थ्य संस्थाबाट वा समुदायमै मोबाइलमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका मार्फत हालसम्म ६५४७ गर्भवती दर्ता गरी आमा र शिशुको स्वास्थ्य अवस्था अनुगमन गर्ने विद्युतीय प्रणाली संचालनमा ल्याइएको छ।

४८. गण्डकी प्रदेश सरकारको सहयोग, समन्वय र सहजीकरणमा बागलुङको गलकोट नगर अस्पतालमा आकस्मिक प्रसुति तथा नवजात शिशु सेवा (CEONC) को सुरुवात गरिएको छ।

## च) सूचना व्यवस्थापन तथा अनुसन्धान

४९. अस्पतालहरूमा संचालित इलेक्ट्रोनिक मेडिकल रेकर्ड प्रणाली लगायत डिजिटल हेल्थ सम्बन्धी सबै प्रणालीहरूलाई थप व्यवस्थित गर्ने गरी १० जना सूचना प्रविधि अधिकृत सहित डिजिटल हेल्थ इम्प्लिमेण्टेशन युनिट (Digital Health Implementation Unit) को स्थापना गरिएको छ।

५०. मातहतका कार्यालयका प्रमुखहरुको उपस्थितिमा चालु आर्थिक वर्षको फाल्गुन मसान्तसम्मको प्रगति समिक्षा गरी आगामी आर्थिक वर्षको योजना तर्जुमा सम्पन्न गरिएको छ।

५१. ६९ स्थानीय तहका ६९५ वटा स्वास्थ्य संस्थाबाट Real Time प्रतिवेदन हुने गरी विद्युतीय स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (Electronic Health Management Information System: e-HMIS) कार्यान्वयनमा ल्याइएको छ। हाल स्थानीय तहका ३३९० स्वास्थ्यकर्मीहरूले प्रयोग गरिरहेको यस प्रणाली मार्फत दैनिक औषतमा ७००० जना बिरामीको विवरण प्राप्त हुने गरेको छ।

५२. सबै अस्पतालहरूमा Centralized Electronic Medical Record-EMR System लागू गरिएको छ। यसलाई थप प्रभावकारी बनाउनको लागि ९ वटा अस्पतालहरूमा सूचना प्रविधि सहायकको व्यवस्था गरिएको छ। साथै प्रदेश

आयुर्वेद चिकित्सालय म्याग्दी र गण्डकी आयुर्वेद अस्पताल कास्कीमा EMR सञ्चालनमा ल्याइएको छ।

५३. स्थानीय तहसँगको समन्वयमा ७० स्थानीय तहमा Family Health Profile तयार गरिएको छ। हालसम्म ३,२२,७७४ परिवारका १२,२१,५७१ सदस्यहरूको विवरण अद्यावधिक गरी व्यक्तिगत स्वास्थ्य संकेत नम्बर प्रदान गरिएको छ।

५४. विद्युतीय आपूर्ति व्यवस्थापन सूचना प्रणाली (Electronic Logistics Management Information System: e-LMIS) लाई ९३५ स्वास्थ्य संस्थामा विस्तार गरिएको छ। हाल ९७ प्रतिशत स्वास्थ्य संस्थाहरूले Real Time रिपोर्टिङ गरिरहेका छन् जसले गर्दा e-LMIS को समग्र रिपोर्टिङ दर ९८ प्रतिशत (राष्ट्रिय औषत दर ९५ प्रतिशत) पुगेको छ। यसैगरी गर्भवती दर्ता र अनुगमन प्रणालिमा हालसम्म ११,५४१ गर्भवती महिला दर्ता भई नियमित फलो अप एवं सञ्चार सम्पर्कमा हुनुहुन्छ।

## छ) जनस्वास्थ्य विपद विरुद्धको तयारी र प्रतिकार्य

५५. गण्डकी प्रदेशका विभिन्न जिल्लामा देखा परेको डेंगु रोगको प्रकोप नियन्त्रण एवं व्यवस्थापनको लागि आपतकालीन प्रतिकार्य टिम,स्वास्थ्य प्राविधिक टोलीका साथै जनप्रतिनिधी र सरोकारवालाहरू समेत खटिई लामखुट्टेको बासस्थान "खोज र नष्ट गर" अभियानलाई समुदायस्तरमा संचालन गरिएको छ। यसका लागि प्रादेशिक स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट स्वास्थ्य संस्थाहरूमा १६,१६२ किट उपलब्ध गराइनुका साथै प्रदेश मातहतका अस्पतालहरूमा डेंगु रोगको नि:शुल्क परीक्षण र उपचारको व्यवस्था मिलाइको छ। स्वास्थ्य मन्त्रालयबाट डेंगु सम्बन्धी जनचेतनामूलक सचेतना सामग्री (१५,००० प्रति) तयार गरी वितरण गरिएको छ।

५६. प्रदेशभर महामारी निगरानी तथा प्रतिकार्य गर्न प्रकोपको शिघ्र सूचना प्रवाहका लागि सर्भिलेन्स आउटब्रेक रेस्पोन्स म्यानेजमेन्ट एण्ड एनालाइसिस प्रणाली (SORMAS) लाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइएको छ।

## ज) समन्वय तथा सहकार्य

५७. गण्डकी प्रदेशको स्वास्थ्य क्षेत्रमा रहेका समस्याहरुको समाधान र भावी योजनाको कार्यान्वयनको लागि सम्माननीय प्रधानमन्त्रीज्यू र माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्रीज्यूसमक्ष १२ प्रस्तावहरु पेश गरिएको छ।

५८. WHO, GIZ, USAIDS, World Bank, UNFPA, UNICEF, JICA, NSI, One Heart International लगायतका साझेदार संस्थाहरुसँग छलफल गरी गण्डकी प्रदेशको स्वास्थ्य क्षेत्रमा थप सहयोगको लागि पहल गरिएको छ।

❖मिति २०८१/१२/१५ सम्मको अद्यावधिक विवरण